# नेपाल गजेट
## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष १२ गते २०१७ साल

### नेपाल लोकसेवा आयोगको विज्ञापन

शिक्षासचिवालय, स्वास्थ्य तथा स्थानीय स्वायत्त शासन सचिवालय, र योजना सचिवालय अन्तर्गत निम्नलिखित विभाग तथा अड्डाहरूलाई निम्न लेखिए बमोजिम पदहरू चाहिएका छन् । योग्य उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित फी दस्तूर सहित निम्न लिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउनु वा बुझाउन पर्छ । दरखास्त दिंदा आफूले पाएको शुरुदेखिको सक्कल प्रमाणपत्रको नक्कल र मार्कशीटको नक्कलहरूसमेत सबै सामेल राखी पेश गर्नुपर्छ । पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताका दिन साथै लिई आउनुपर्छ । योग्यता पुगेका उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मिति मितिमा यस आयोगसंग सम्पर्क राख्नुपर्छ । सम्पर्कका दिन उम्मेदवारहरूले यस आयोगसंग सम्पर्क नराखेमा परीक्षा वा अन्तर्वार्ताका निमित्त अर्को सूचना गरिन छैन । दरखास्तको म्यादको आखिरी दिन धेरै दरखास्त दिनेहरू जम्माभई सबैलाई असुविधा हुने हुँदा समयमा नै दरखास्त पठाउन सूचना गरिन्छ । साधारणतया उम्मेदवारहरूलाई तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, फी दस्तूर नभएको र म्यादनाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुने छैन । बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त दस्तूर सहित आफ्ना विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश हुनु पर्छ । दरखास्त फारामको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नमूना प्रत्येक हुलाक, गढी, गौंडा र गोस्वाराहरूमा पनि पाइनेछ। एक फारामको निमित्त ने. रू. ।१० दश पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिए जति झिकाए पनि हुन्छ। दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।

## विज्ञापन नं. ६७

१. पद र स्थानः श्रीमहेन्द्र ग्राम विद्यालय अपर प्राइमरी स्कूल विशंखा देवीस्थानलाई एक जना प्राइमरी शिक्षक, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यता : एस. एल. सी. पास।

३. वांछनीय योग्यताः स्थानीय उम्मेदवार तथा पहिला वा दोस्रा श्रेणीमा पास भएका औ अध्यापनमा अनुभवी भएकालाई ग्राह्यता दिइनेछ।

४. मासिक तलबको स्केलः तलब ने. रू. ८०। देखि १५०। सम्म।

५. फी दस्तूरः नगद ने. रू. १। एक रूपैयाँ।

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः २०१७।१०।२।१

७. सम्पर्क मितिः २०१७।१०।७।६ का दिन ३ बजे

८. उमेरः सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनु पर्छ।

## विज्ञापन नं. ६८

१. पदर स्थानः योजना सचिवालयलाई तीनजना जुनियर रिसर्च अफिसर, हाललाई २ वर्षको अस्थायी तर पछि स्थायी हुने सम्भावना भएको।

२. आवश्यक न्यूनतम योग्यता : एम. कम. वा अर्थशास्त्रमा एम. ए. कमसेकम द्वितीय श्रेणीमा पास।

३. वांछनीय योग्यताः कृषि, उद्योग, योजना वा स्टाटिस्टिक्स विषय लिएकालाई ग्राह्यता दिइने छ। यिनमध्ये समेत योजना सम्बन्धी कामको अनुभव भएकालाई प्राथमिकता दिइनेछ।

४. मासिक तलबको स्केल : तलब ने. रू. २७५। देखि ४८०। सम्म।

५. फी. दस्तूरः नगद ने. रू. ३ तीन रुपैयां।

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः २०१७।१०।३।२

७. सम्पर्क मितिः २०१७।१०।७।६ का दिन ३ बजे।

८. कामः योजना सम्बन्धी विषयमा अनुसन्धान।

९. उमेरः सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

895

## विज्ञापन नं. ६९

१. पद र स्थानः– श्रीमहेन्द्र ग्राम विद्यालय अ. प्राइमरी स्कूल भ. पु. जितपुरलाई एकजना प्राइमरी शिक्षक स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः– एस्. एल. सी. पास ।

३. वांछनीय योग्यताः नर्मल स्कूल तालिम पाएका तथा शिक्षण कलामा अनुभव पाएकालाई ग्राहचता दिइनेछ ।

४. मासिक तलवको स्केलः– तलव ने. रू. ८०। देखि १५०। सम्म ।

५. फी दस्तूरः नगद ने. रू. १। एक रूपैयाँ ।

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०१७।१०।३।२

७. सम्पर्क मितिः– २०१७।१०।७।६ का दिन ३ बजे ।

८. उमेरः– सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनु पर्छ ।

## विज्ञापन नं ७०

१ पद र स्थानः– डाइरेक्टर स्वास्थ्य सेवा विभागलाई भोर्ले होमियो डिस्पेन्सरी धनकुटा, डिवरना होमियो प्याथिक डिस्पेन्सरी गुल्मी र खस्यौली होमियो डिस्पेन्सरी पाल्पा समेतको निमित्त १।१ गरी जम्मा तीनजना डाक्टर, नन् गजेटेड, स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः डि. एम. एस.

३. मासिक तलवको स्केलः तलव ने. रू. १४०। देखि २८०।, भत्ता ने. रू. २०।, उक्त तलव भत्ता पुरानो स्केल भएकोले पछि पेकमिशिनका निर्णय बमोजिम नयाँ स्केलबाट पाउने ।

४. फी दस्तूरः नगद ने.रू. १।५० एक रूपैयां पचास पैसा ।

५. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः २०१७।१०।३।२

६. सम्पर्क मितिः २०१७।१०।५।४ का दिन ३ बजे ।

७. कामः डिस्पेन्सरीको इन्चार्ज भै परिआएको चिकित्सा सम्बन्धी काम गर्नुपर्ने ।

८. उमेरः सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेरः २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनु पर्छ ।

## विज्ञापन नं. ७१

१. पद र स्थानः चौ. इ. प. व. रोड्स विभागलाई एकजना असिस्टेन्ट इञ्जिनियर, गजेटेड स्थायी तथा पेन्सन पाइने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आवश्यक न्यूनतम योग्यताः सिभिल इञ्जिनियरिङ्ग डिग्री अथवा सिभिल इञ्जिनियरिङ्ग डिप्लोमा वा ओभरसियर पास गरी कमसेकम श्री ५ को सरकारको १० दश वर्ष नोकरी गरेको प्रमाणपत्र पाएको हुनुपर्छ ।

३. वांछनीय योग्यताः सो काममा अनुभवीलाई गूाह्यता दिइनेछ ।

४. अभ्यास अवधिः ६ महीना

५. फी दस्तूरः नगद ने. रू. ३। तीन रूपैयाँ ।

६. दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति : २०१७।६।१। ५

७. सम्पर्क मितिः २०१७।६।४।१ का दिन ३ बजे ।

८. मासिक तलवको स्केलः तलव ने. रू ३५०। देखि ६५० सम्म ।

९. उमेरः सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनु पर्छ ।

आज्ञाले—

खड्गमान मल्ल

सचिव,

नेपाल लोकसेवा आयोग ।

गोरखापत्र छापाखानामा मुद्रित

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।